# <u>जिल्ला समन्वय समितिको मिति २०७४ पुष १८ गते बसेको बैठकका निर्णयहरू</u>

निर्णय नं.१

ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम आ.व. २०७४।७५ को बजेट, कार्यक्रम, कर्मचारी तथा जिन्सी व्यवस्थापन सम्वन्धी मार्गदर्शनका शर्तहरू प्रस्तुतीकरण गरी शर्त अनुसारचालु खर्चमा विनियोजित रकम जिल्ला समन्वय समितिबाट खर्च शिर्षकमा बाँडफाँड तथा स्वीकृत गराई सो को जानकारी सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र कार्यक्रम सहयोग इकाईमा पठाउने व्यवस्था बमोजिम चालु खर्चमा शिर्षकमा बाँडफाँड गरिएको विनियोजित रकम स्वीकृत गर्ने, साथै, कर्मचारी तथा जिन्सी व्यवस्थापन सम्वन्धमा सम्वन्धित स्थानिय तहबाट हाजिरी प्रमाणित भै आएपछि जिल्ला समन्वय समितिले निजको तलव भत्ता, दैनिक भ्रमण भत्ता लगायतका अन्य प्रशासनिक खर्च भुक्तानी गर्ने ।

निर्णय नं. २

चालु आ.व. २०७४।७५ को रजिष्ट्रेशन दस्तुर बाँडफाँड सम्वन्धमा भूमिसुधार तथा व्यवस्थापन विभागको परिपत्र अनुसार गर्न गराउन मालपोत कार्यालयलाई कार्याथ र स्थानिय तहहरुलाई वोधार्थ सहित पत्राचार गरी जानकारी गराउने ।

निर्णय नं. ३

जिल्लास्तरीय प्रारम्भिक वातावरणीय परिक्षण, पुनरावलोकन तथा सिफारिश समितिमा रहने भूगर्भ विद तथा वातावरण विदको सूची (रोष्टर) तयारीको लागि दरखास्त आव्हान सम्वन्धी १५ दिने सूचना प्रकाशन गर्ने ।

निर्णय नं. ४

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम तथा निर्वाचन क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गर्न जिल्ला प्राविधिक कार्यालयलाई निर्देशन भए अनुसार र कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहसँग समेत समन्वय गरी गर्नु गराउनु ।

निर्णय नं. ५

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४।७।१७ र  स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको मिति २०७४।८।२९ को पत्रानुसार जिल्ला समन्वय समितिको कार्यालयबाट संचालन भई आएको झोलुंगे पुल क्षेत्रगत कार्यक्रम बजेट शिर्षक नं. ३६५८०९ एवं डोलिडार मिति २०७४।८।२५ को पत्रानुसार प्राप्त व.उ.सि. ३६५८०८, स्थानिय यातायात पूर्वाधार  क्षेत्रगत कार्यक्रमको स्वीकृत बार्षिक विकास कार्यक्रमको अख्तियारीजिल्ला प्राविधिक कार्यालयलाई प्रदान गरिएकोले जिल्ला प्राविधिक कार्यालयले कार्यक्रमको कार्यान्वयन गर्ने गराउने।

स्थानिय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तर्गत स्वीकृत जोगबुढा शिर्ष रूपाल सडकको निर्माण कार्य वोलपत्रको माध्यमबाट गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ६

जिल्ला समन्वय समितिको निर्णयानुसार यस जिल्लाको स्थानिय सरकार परशुराम नगरपालिका र आलिताल गाँउकार्यपालिका अन्तर्गत सञ्चालित योजना तथा कार्यक्रमहरूको जिल्ला समन्वय समितिबाट जिसस प्रमुख ज्यूको नेतृत्वमा मिति २०७४ पुष ४ र ५ गते भएको छुट्ट छुट्टै स्थलगत अनुगमन तथा निरीक्षणको अनुगमन प्रतिवेदन जिल्ला समन्वय समितिको बैठकमा प्रस्तुत भई छलफल गरियो ।

निर्णय नं. ७

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सामाजिक परिचालन कार्यक्रम सम्वन्धी परिपत्र अनुसारका नीतिगत निर्णयको जिससको बैठकमा राखी सोको सम्वन्धीत सरोकारवालालाई जानकारी गराउने   ।

निर्णय नं. ८

जिल्ला समन्वय समितिको निर्णयानुसार स्थानीय कर संकलन सम्वन्धमा २०७४ असोज मसान्तमा म्याद सकिई  ३ महिना म्याद थप गरिएकोमा सो २०७४ पुष मसान्तमा सकिने हुँदा अव स्थानीय करहरू संकलनका लागी जिल्ला उधोग वाणिज्य संघ, डडेल्धुरालाई पुष मसान्तसम्म जम्मा भएको स्थानीय करहरू दाखीला गर्न लगाउने र अव उप्रान्त जिल्ला समन्वय समितिसँग भएको सम्झौताको म्याद थप नगर्ने निर्णय गरियो ।  साथे, जिल्ला उधोग बाणिज्य संघलाई निर्णयको जानकारी गराई सम्वन्धित स्थानिय तहहरुलाई पुष मसान्त पछिको स्थानीय कर संकलनको व्यवस्था मिलाउन पत्रमार्फत जानकारी गराउने ।